केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/३/०७७/७८

मिति: २०७७/०४/२५

# सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु**

कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरण एवं स्वास्थ्य सूरक्षाका लागि नेपाल सरकारले देशका विभिन्न स्थानहरुमा लागू गरेको बन्दाबन्दी, निषेधाज्ञा, सार्वजनिक तथा निजी सवारी साधनको आवागमनमा जोर/बिजोर प्रणाली लगायतका विशेष परिस्थितिमा बैंक तथा वित्तीय संस्थाहरुवाट सम्पादन गरिने कार्यलाई निरन्तरता दिनको लागि स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरु कायमै रहने गरी देहाय बमोजिमको थप व्यवस्था गरी सेवा सुचारु गर्न/गराउन अनुरोध गरिन्छ ।

१. नेपाल सरकारबाट जारी स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड समेतको पालना गर्दै प्रदान गरिँदै आएको सेवा प्रवाहमा निरन्तरताका लागि Business Continuity Plan तयार गरी कोभिड-१९ संक्रमणको जोखिम व्यवस्थापन गर्न आवश्यकता अनुसार समूह विभाजन गरी आलोपालो प्रणालीमा कर्मचारी उपस्थित हुने व्यवस्था मिलाउने ।

२. नेपाल सरकारले देशका विभिन्न स्थानहरुमा लागु गरेको बन्दाबन्दी, निषेधाज्ञा, सार्वजनिक तथा निजी सवारी साधनको आवागमनमा जोर/बिजोर प्रणाली लगायतका विशेष परिस्थितिलाई मध्यनजर गरी Work From Home व्यवस्था मिलाई कार्य सम्पादन गराउन सकिने ।

३. प्रदेशस्थित शाखा कार्यालयहरुको हकमा सम्बन्धित प्रदेश सरकार, स्थानीय तह र स्थानीय प्रशासन मार्फत हुने निर्णय वा सूचनालाई समेत आधार मानी प्रदेश कार्यालयहरुसँगको समन्वयमा न्यूनतम कर्मचारीबाट बैंक तथा वित्तीय संस्थाहरुको सेवा सुचारु गर्ने तथा वैकल्पिक रुपमा संचालन गर्न सकिने शाखाहरु सोहि वमोजिम सूचना जारी गरि वैकल्पिक रुपमा आलोपालो संचालन गर्ने व्यवस्था मिलाउने ।

४. सेवा सुचारु नगरिएका शाखाहरुको विवरण दैनिक रुपमा यस बैंकको रिर्पोटिङ्ग पोर्टल reporting.nrb.org.np मा उपलब्ध गराउने ।

५. विद्युतीय माध्यमबाट हुने कारोवारलाई थप प्रोत्साहित गर्ने ।

कार्यकारी निर्देशक